# खुम्बु पासाङल्हामु गाउँपालिकाको आधार शिविर व्यवस्थापन कार्यविधि, २०८०

| | स्थानीय राजपत्रमा प्रकाशन मिति |
|---|---|
| संशोधन | २०८०।११।०१ |
| आधार शिविर व्यवस्थापन (पहिलो संशोधन) कार्यविधि २०८० | २०८०।११।२१ |

प्रस्तावनाः हिमालय र हिमनदी मानव सभ्यता, पारिस्थितिक प्रणाली र जैविक विविधताको जग भएका र हाल विभिन्न मानवीय गतिविधिबाट सिर्जित जलवायु परिवर्तनका असरले हिमाली क्षेत्रको जीविकोपार्जनमा प्रत्यक्ष असर परेका विषयलाई मध्यनजर राख्दै खुम्बु पासाङल्हामु गाउँपालिका क्षेत्रमा रहेका विभिन्न हिमालचुलीका आधार शिविरहरूमा हुने मानवीय गतिविधिहरूलाई व्यवस्थित गर्न वाञ्छनीय भएकोले, खुम्बु पासाङल्हामु गाउँपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७९ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी गाउँ कार्यपालिकाले यो कार्यविधि पारित गरी लागू गरेको छ ।

## परिच्छेद १

## संक्षिप्त नाम र प्रारम्भ

१. संक्षिप्त नाम र प्रारम्भः

(१) यस कार्यविधिको नामः आधार शिविर व्यवस्थापन कार्यविधि, २०८० रहेको छ ।

(२) यो कार्यविधि खुम्बु पासाङल्हामु गाउँपालिका क्षेत्रभर लागू हुनेछ ।

(३) यो कार्यविधि गाउँ कार्यपालिकाको बैठकले पारित गरी स्थानीय राजपत्रमा प्रकाशन भएको मितिदेखि प्रारम्भ हुनेछ ।

## परिच्छेद २

## परिभाषा

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(१) “अध्यक्ष” भन्नाले गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्छ ।

(२) “अनुमति” भन्नाले आरोहण दललाई हिमालचुली आरोहण गर्नको लागि दिइएको पर्वतारोहण अनुमति सम्झनु पर्छ ।

^२(क) “अन्य सहयोगी” भन्नाले पर्वतारोहीको परिवारका सदस्य, आफन्तजन, शुभचिन्तक, साथीभाई, प्रायोजक, चिकित्सक र शिविर व्यवस्थापक समेतलाई सम्झनु पर्छ ।

(३) “आधार शिविर” भन्नाले पर्वतारोहणको लागि बन्दोवस्तीका सामग्री, खाद्यवस्तु, औषधी लगायतका आवश्यक मालसामान र उपकरणसहित पर्वतारोहण सम्बन्धी निर्देशन, समन्वय र सहजीकरणका लागि तोकिएको पर्वतारोहण कार्यको सुरूवाति विन्दुको रूपमा रहेको स्थललाई जनाउँछ ।

(४) “आधार शिविरका कामदार” भन्नाले आधार शिविरमा आरोहण दलको निम्ति खाना पकाउने, हुलाकी र यस्तै अन्य काम गर्ने व्यक्ति सम्झनु पर्छ ।

(५) “आपत्कालीन अवस्था” भन्नाले अकस्मात वा अनपेक्षित रूपमा हुने प्राकृतिक वा गैरप्राकृतिक प्रकोपको कारणले जनधनको क्षति हुन नदिन वा कम गर्नका लागि तत्काल उद्धार गर्नुपर्ने अवस्था सम्झनु पर्छ ।



^पहिलो संशोधनद्वारा थप गरिएको

*पहिलो संशोधनद्वारा संशोधन गरिएको

(६) "उचाइका कामदार" भन्नाले आधार शिविरभन्दा माथि पर्वतारोहणका लागि आवश्यक सामान लैजाने ल्याउने कामदार सम्झनु पर्छ ।

(७) "उद्धार" भन्नाले कुनैपनि व्यक्ति वा समूहलाई अकस्मात वा अनपेक्षित रूपमा हुने संकट, खतरा वा आपतबाट बचाउनको लागि तत्काल गर्नुपर्ने कार्य सम्झनु पर्छ ।

(८) "कार्यपालिका" भन्नाले गाउँपालिकाको गाउँ कार्यपालिकालाई सम्झनु पर्छ ।

(९) "कार्यविधि" भन्नाले आधार शिविर व्यवस्थापन कार्यविधि, २०८० सम्झनु पर्दछ ।

(१०) "गाउँपालिका" भन्नाले खुम्बु पासाङल्हामु गाउँपालिकालाई सम्झनु पर्छ ।

(११) "ट्रेकिङ्ग एजेन्सी" भन्नाले पर्यटकको लागि निश्चित शुल्क लिई पदयात्रा, पर्वतारोहण, जङ्गल सफारी, साइक्लिङ, चरा अवलोकन जस्ता साहसिक पर्यटकीय गतिविधिको प्रबन्ध मिलाउने फर्म वा कम्पनी सम्झनु पर्छ ।

(१२) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले प्रचलित कानून तथा यस कार्यविधिमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(१३) "पथ प्रदर्शक" भन्नाले सम्बन्धित पर्यटकीय स्थल वा पद मार्गको बारेमा राम्रो ज्ञान भएको, आवश्यक भाषाको दक्षता भएको, पर्यटकको सुविधा एवम् सुरक्षाको विषयमा जानकारी सहित तोकिए बमोजिमको योग्यता तथा तालिम प्राप्त गरी तोकिएको निकायबाट इजाजत प्राप्त नेपाली नागरिकलाई सम्झनु पर्छ ।

(१४) "पर्यटक" भन्नाले बाह्य मुलुकबाट पर्यटकीय गतिविधिको उद्देश्य लिई नेपालमा कम्तीमा चौबीस घण्टा र बढीमा एक सय पचास दिन बस्ने गरी आउने विदेशी नागरिकलाई सम्झनु पर्छ ।

(१५) "पर्वतारोहण" भन्नाले विभागबाट इजाजत लिई नेपाल सरकारले आरोहणका लागि खुला गरेका हिमश्रृङ्खलाको कुनै निश्चित हिमालचुलीमा पुग्ने उद्देश्यबाट कुनै व्यक्ति वा आरोहण दलले त्यस्तो हिमालको आरोहण गर्ने कार्य सम्झनु पर्छ ।

(१६) "पर्वतारोहण सहयोगी" भन्नाले आधार शिविर वा सोभन्दा माथि पर्वतारोहीका लागि पर्वतारोहण कार्यमा सहयोग पुर्याउने एवम् आवश्यक बन्दोवस्तीका काम गर्ने सरदार, पथ प्रदर्शक, उचाइका कामदार, आधार शिविरका कामदार तथा स्थानीय कामदार समेतलाई सम्झनु पर्छ ।

(१७) "पर्वतारोही" भन्नाले विभागबाट पर्वतारोहणको अनुमति प्राप्त व्यक्ति वा आरोहण दलको सदस्य सम्झनु पर्छ ।

(१८) "बार" भन्नाले विभिन्न प्रकारका मदिराजन्य पेय पदार्थहरू बिक्री गर्ने र सोही परिसरमा बसेर पिउने सुविधा सहितको व्यावसायिक स्थानलाई सम्झनु पर्छ ।

(१९) "बेकरी क्याफे" भन्नाले कफी, चिया र अन्य पेय पदार्थहरूको चयनसँगै विभिन्न प्रकारका रोटी, कुकीज, पेस्ट्री, पाई र केक जस्ता पिठोमा आधारित परिकारहरू उत्पादन र विर्क्री गर्ने स्थान सम्झनु पर्छ ।

(२०) "विभाग" भन्नाले पर्यटन विभाग सम्झनु पर्छ ।

(२१) "समिति" भन्नाले यस कार्यविधि बमोजिम गठन हुने समन्वय तथा अनुगमन समितिलाई सम्झनु पर्छ ।

(२२) "सम्पर्क अधिकृत" भन्नाले आरोहण दलको साथमा आधार शिविरसम्म खटिई जाने नेपाल सरकारले खटाएको व्यक्ति वा समूहलाई सम्झनु पर्छ ।



^पहिलो संशोधनद्वारा थप गरिएको

*पहिलो संशोधनद्वारा संशोधन गरिएको

(२३) “सरदार” भन्नाले स्थानीय कामदार बन्दोवस्त गर्ने, उचाइका कामदार वा आधार शिविरका कामदारहरूको नियन्त्रण गर्ने तथा पथ प्रदर्शकको काम गर्ने समूहको नेतालाई सम्झनु पर्छ ।

(२४) “साहसिक पर्यटन” भन्नाले स्किईङ्ग, हेली स्किईङ्ग, बन्जी जम्पिङ्ग, स्वीङ्ग, क्यानोनिङ्ग, हेली डाइभिङ्ग, स्काई डाइभिङ्ग, प्याराग्लाइडिङ्ग, रक क्लाइम्बिङ्ग, केभिङ्ग, माउन्टेन बाइक, रयाफ्टिङ्ग, जीप लाइन, जेट स्की, वेश जम्प, कायिकङ्ग, फ्लाइ बोर्ड, मोटर बोट, स्नो बोट, प्यारासेलिङ्ग, एडभेन्चर रेसिङ्ग, स्काइ वाक लगायतका साहसिक पर्यटकीय गतिविधिलाई सम्झनु पर्छ ।

(२५) “स्थानीय कामदार” भन्नाले आधार शिविरसम्म आरोहण दलको सामान लैजाने ल्याउने कामदार सम्झनु पर्छ ।

(२६) “स्पा” भन्नाले विभिन्न प्रकारका स्वस्थवर्धक तेल तथा जडिबुटीको प्रयोग गरी शरीरका विभिन्न भागमा मालिस गर्ने तथा साउना, स्टिम वाथ, ज्याकुजी जस्ता आराम र आनन्द प्रदान गर्ने कार्य सम्झनु पर्छ ।



^पहिलो संशोधनद्वारा थप गरिएको
*पहिलो संशोधनद्वारा संशोधन गरिएको

## परिच्छेद ३

## समन्वय तथा अनुगमन समिति सम्बन्धी व्यवस्था

३. समन्वय तथा अनुगमन समिति गठन सम्बन्धी व्यवस्थाः

(१) यस कार्यविधिको कार्यान्वयन, आधार शिविरहरूको व्यवस्थापन, समन्वय तथा अनुगमनका लागि एउटा समिति रहनेछ । समितिको गठन देहायबमोजिम हुनेछः

(क) गाउँपालिका अध्यक्ष –संयोजक

(ख) सगरमाथा राष्ट्रिय निकुञ्ज कार्यालयका प्रमुख वा निजले तोकेको प्रतिनिधि १ जना –सदस्य

(ग) सगरमाथा राष्ट्रिय निकुञ्ज मध्यवर्ती क्षेत्र व्यवस्थापन समितिका अध्यक्ष वा निजले तोकेको प्रतिनिधि १ जना –सदस्य

(घ) पर्यटन विभागले तोकेको सम्पर्क अधिकृत १ जना –सदस्य

(ङ) गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत –सदस्य

(च) नेपाल पर्वतारोही संघका अध्यक्ष वा निजले तोकेको प्रतिनिधि १ जना –सदस्य

(छ) सगरमाथा *आरोही संघका अध्यक्ष वा निजले तोकेको प्रतिनिधि १ जना –सदस्य

(ज) ट्रेकिङ्ग एजेन्सिज् यसोसिएसन अफ नेपाल (तान) का अध्यक्ष वा निजले तोकेको प्रतिनिधि १ जना –सदस्य

(झ) पर्वतारोहण सञ्चालक संघ नेपालका अध्यक्ष वा निजले तोकेको प्रतिनिधि १ जना – सदस्य

(ञ) वायुसेवा सञ्चालक संघ नेपालका अध्यक्ष वा निजले तोकेको प्रतिनिधि १ जना – -सदस्य

(ट) इलाका प्रहरी कार्यालय नाम्चेका कार्यालय प्रमुख वा निजले तोकेको प्रतिनिधि १ जना –सदस्य

(ठ) सगरमाथा प्रदुषण नियन्त्रण समितिका अध्यक्ष वा निजले तोकेको प्रतिनिधि १ जना –सदस्य

(ड) नेपाली पर्वतारोहीहरूमध्येबाट संयोजकले तोकेको १ जना –सदस्य

(ढ) गाउँपालिकाभित्रका स्वास्थ्य संस्थाका चिकित्सकहरू मध्येबाट समितिले मनोनयन गरेको १ जना –सदस्य

*(ण) निजामति पर्वतारोहण संघ नेपालको अध्यक्ष वा निजले तोकेको प्रतिनिधि १ जना –सदस्य



^पहिलो संशोधनद्वारा थप गरिएको
*पहिलो संशोधनद्वारा संशोधन गरिएको

(त) वातावरण तथा विपद व्यवस्थापन समितिका संयोजक
–सदस्य
(थ) वातावरण अधिकृत वा वातावरण शाखा हेर्ने जिम्मेवारी  पाएको कर्मचारी

–सचिव
(२) समितिको सचिवालय गाउँ कार्यपालिकाको कार्यालयमा रहनेछ भने पर्वतारोहणको समयमा सगरमाथाको आधार शिविरमा सम्पर्क कार्यालय सञ्चालन गरिनेछ ।
(३) समितिको बैठक आवश्यकतानुसार बस्नेछ ।
(४) बैठक सम्बन्धी कार्यविधि समिति आफैंले निर्धारण गरेबमोजिम हुनेछ ।
(५) बैठकमा आवश्यकतानुसार विज्ञहरुलाई आमन्त्रण गर्न ^सकिनेछ ।

परिच्छेद ४

अनुमति तथा सूचीकरण सम्बन्धी व्यवस्था

४. अनुमति तथा सूचीकरण सम्बन्धी व्यवस्थाः

(१) पर्वतारोहणका लागि अनुमति प्राप्त आरोहण दलका सरदारले दलमा आबद्ध *पर्वतारोहीहरू, पर्वतारोहण सहयोगीहरू र अन्य सहयोगीहरुको व्यक्तिगत विवरण, आपतकालीन सम्पर्क र पर्वतारोहण अनुभव सम्बन्धी विवरण तोकिएबमोजिम सूचीकृत गर्नुपर्नेछ ।
(२) सम्पर्क अधिकृत वा तोकिएको अधिकारीले पर्वतारोहण अनुमति र इजाजतपत्रहरू प्रमाणित गरेपछि मात्र पर्वतारोहीहरूलाई पर्वतारोहणको लागि अगाडि बढ्न दिइनेछ ।
(३) पर्वतारोहणका लागि अनुमति प्राप्त *पर्वतारोहीहरू, पर्वतारोहण सहयोगीहरू र अन्य सहयोगीहरु बाहेक अन्य पर्यटक एवं आगन्तुकहरूलाई आधार शिविरमा बास राख्न पाइने छैन ।

परिच्छेद ५

स्रोत तथा क्याम्प व्यवस्थापन सम्बन्धी व्यवस्था

५. स्रोत तथा क्याम्प व्यवस्थापन:

(१) प्रत्येक पर्वतारोहण अभियानको लागि पाल (Tent), खाद्यन्न, अक्सिजन सिलिन्डर र चिकित्सा उपकरण जस्ता आवश्यक स्रोतहरूको उपलब्धता सुनिश्चित हुनु पर्नेछ ।
(२) पर्वतारोहण अभियानको क्रममा आधार शिविरमा सुत्ने प्रयोजनको लागि प्रतिव्यक्ति अधिकतम ८० वर्गफिटसम्मको क्षेत्रफल प्रयोग गर्न सकिनेछ ।
(३) पर्वतारोहण अभियानको क्रममा आधार शिविरमा भोजन कक्ष (Dining) प्रयोजनको  लागि प्रतिव्यक्ति अधिकतम *६० वर्गफिटसम्मको क्षेत्रफल प्रयोग गर्न सकिनेछ ।
(४) आधार शिविरमा *पर्वतारोहीहरू, पर्वतारोहण सहयोगीहरू र अन्य सहयोगीहरुको लागि आवश्यक पर्ने बाहेक अन्य खाली टेण्ट्हरू टाँगेर राख्न पाइने छैन ।

(५) एउटा आरोहण दलमा १५ जना पर्वतारोही र *आवश्कता अनुसार पर्वतारोहण सहयोगीहरु रहन सक्नेछ ।

(६) सुत्ने टेण्टमा Attached Toilet राख्न पाइने छैन । प्रत्येक क्याम्पमा १५ जनासम्मको सामुहिक प्रयोगको लागि अधिकतम ४ वटा Toilet Tents, २ वटा



^पहिलो संशोधनद्वारा थप गरिएको
*पहिलो संशोधनद्वारा संशोधन गरिएको

Shower Tents र पिसाव मात्र फेर्नको लागि छुट्टै २ वटा Urine Toilet Tent को व्यवस्था गर्न सकिनेछ ।

(७) गाउँपालिका क्षेत्रभित्रका कुनैपनि हिमालचुलीका आधार शिविरहरूमा आरोहण दल, ट्रेकिङ्ग एजेन्सी, होटल व्यवसायी वा कुनैपनि व्यक्ति वा संस्थाले व्यवसायिक गतिविधि सञ्चालनको लागि स्थायी रूपमा टेन्ट वा अन्य कुनै संरचना बनाउन पाइने छैन ।

## परिच्छेद ६

## सञ्चार, सुरक्षा र आपतकालीन प्रतिक्रिया सम्बन्धी व्यवस्था

**६. सञ्चार, सुरक्षा र आपतकालीन प्रतिक्रिया:**

(१) पर्वतारोहणको क्रममा हुन सक्ने आपतकालीन अवस्थाहरूमा प्रयोग गर्नको लागि आवश्यक पर्ने सञ्चार प्रणालीहरू जस्तै स्याटेलाइट फोन, वाकीटकी तथा रेडियो संचार जस्ता भरपर्दो सुविधाहरूको उपलब्धता सुनिश्चित हुनु पर्नेछ ।

(२) पर्वतारोहणका लागि आधारभूत प्राथमिक उपचार, प्रविधिहरूको ज्ञान र पर्वतारोहण सम्बन्धी तालिम प्राप्त पर्वतारोहण सहयोगीहरूको व्यवस्था गर्नु पर्नेछ ।

(३) पर्वतारोहीहरू र पर्वतारोहण सहयोगीहरूको लागि महत्वपूर्ण अपडेटहरू, मौसमी अवस्थाहरू र आपतकालीन अलर्टहरू साझा गर्न भरपर्दो सूचना तथा सञ्चार प्रणालीको विकास गर्नु पर्नेछ ।

(४) पर्वतारोहीहरू एवं पर्वतारोहण सहयोगीहरूको सुरक्षा सुनिश्चित गर्न आधार शिविरभन्दा माथि जानेहरूको नियमित रूपमा चेक इन/चेक आउट सम्बन्धी अभिलेख राख्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(*५) पर्वतारोहीहरू एवं पर्वतारोहण सहयोगीहरूको आवश्यकता अनुसार आपतकालीन सहायता, उचाइमा लाग्ने रोग, चोटपटक र अन्य स्वास्थ्य समस्याहरूको उपचार प्रदान गर्न एकीकृत चिकित्सा सहायता प्रणालीको व्यवस्था गर्न सकिनेछ ।

(*६) पर्वतारोहीहरू एवं पर्वतारोहण सहयोगीहरूको सुरक्षा सुनिश्चित गर्न र उच्च हिमाली क्षेत्रमा अनावश्यक भिडभाड हुन नदिनको लागि मौसम विज्ञान विभाग तथा मौसम सम्बन्धी भरपर्दो एजेन्सीहरूको मौसम पूर्वानुमानको आधारमा पर्वतारोहण अभियानको योजना बनाई उनीहरूलाई आरोहण र अवतरणका लागि उत्तम समयहरूको विषयमा जानकारी गराउनु पर्नेछ ।

(*७) आपतकालीन उद्धार कार्यहरू, निकासी प्रक्रियाहरू, सम्पर्क अधिकृत र स्थानीय अधिकारीहरू र उद्धार टोलीहरूसँग समन्वयका लागि प्रोटोकलहरू सहित स्पष्ट आपतकालीन प्रतिकार्य योजना तर्जुमा गरी कार्यान्वयन गर्नु पर्नेछ । यसका लागि आपतकालीन उद्धार कार्यदल गठन गरी परिचालन गर्न सकिनेछ । कार्यदलको काम, कर्तव्य र अधिकार समन्वय तथा अनुगमन समितिले तोकिएबमोजिम हुनेछ ।

## परिच्छेद ७

## वातावरण संरक्षण र फोहोर व्यवस्थापन सम्बन्धी व्यवस्था

**७. वातावरण संरक्षण र फोहोर व्यवस्थापन:**

(१) वातावरणीय प्रभावलाई न्यूनीकरण गर्नको लागि Leave No Trace सिद्धान्त एवं जिम्मेवार पर्वतारोहण अभ्यासहरू प्रबर्द्धन गर्न कुनैपनि आरोहण दलमा



^पहिलो संशोधनद्वारा थप गरिएको
*पहिलो संशोधनद्वारा संशोधन गरिएको

आबद्ध पर्वतारोहीहरूले सगरमाथा, ल्होत्से र नुप्सेबाट ८ के.जी. र आमाडब्लामबाट ३ के.जी. फोहोर अनिवार्य रूपमा आधार शिविरसम्म ल्याउनु पर्नेछ ।

(२) आधार शिविर क्षेत्रलाई सफा राख्न प्रत्येक आरोहण दलले आफ्नो क्याम्प वरिपरि नियमित सरसफाई अभियान सञ्चालन गर्नु पर्नेछ ।

(३) मानव फोहोरको उचित व्यवस्थापन तथा विसर्जन गर्नको लागि आधार शिविरभन्दा माथि अनिवार्य रूपमा Poop Bag/Biodegradable Bag को प्रयोग गर्नु पर्नेछ ।

*(४) आधार शिविरभन्दा माथि चाहिने सामानहरूको सूची तयार गरी अनिवार्य दर्ता गराउनु पर्नेछ । पर्वतारोहण अभियान सकेपछि पर्वतारोहण प्रयोजनको लागि आधार शिविरभन्दा माथि प्रयोग भएका सामानहरू अनिवार्य रूपमा आधार शिविरमा फिर्ता ल्याउनु पर्नेछ । पर्वतारोहण अभियान सकेपछि आधार शिविरभन्दा माथि खाद्यन्न तथा अन्य कुनैपनि सामग्रीहरू भण्डारण गर्न पाइने छैन । साथै आधार शिविरभन्दा माथि बक्स टेन्टको प्रयोग गर्न पाइने छैन । पर्वतारोहणका लागि नयाँ डोरी टाँग्ने बेला पुरानो डोरीहरु फुकालेर अनिवार्य रुपमा आधार शिविरमा फिर्ता ल्याउनु पर्नेछ ।

*(५) आधार शिविरभन्दा माथिबाट ल्याएको र क्याम्पमा उत्पादन भएको फोहोर तोकिएबमोजिम वर्गिकरण गरी प्रदुषकले तिर्ने (Polluter Pay) सिद्धान्तका आधारमा शुल्क गाउँपालिका वा गाउँपालिकाभित्रको फोहोर व्यवस्थापन गर्न जिम्मेवारी प्राप्त संस्थालाई बुझाउनु पर्नेछ ।

* (६) पर्वतारोहणको क्रममा कुनैपनि पर्वतारोही, पथ प्रदर्शक र उचाइका कामदारको मृत्यु भएमा मृत शरीरको व्यवस्थापन गर्ने जिम्मेवारी सम्बन्धित ट्रेकिङ्ग एजेन्सी/ट्राभल एजेन्सीको हुनेछ । तोकिएबमोजिम फोहोर व्यवस्थापनपछि मात्र Garbage Clearance Letter गाउँपालिका वा गाउँपालिकाले तोकेको निकाय मार्फत प्रदान गरिनेछ ।

(७) मनोरम प्राकृतिक दृश्य तथा वैभवशाली शेर्पा संस्कृतिले गर्दा विश्व सम्पदा सूचीमा सूचीकृत सगरमाथा क्षेत्रको सांस्कृतिक संवेदनशीलतालाई मध्यनजर गर्दै आधार शिविर र सोभन्दा माथि पर्वतारोहण गतिविधि बाहेक व्यवसायिक रूपमा बार, बेकरी क्याफे, स्पा लगायत अन्य कुनैपनि व्यवसायिक गतिविधिहरू सञ्चालन गर्न पाइने छैन ।

(८) गाउँपालिका भित्र पर्ने हिमालचुलीका आधार शिविरहरू र अन्य कुनैपनि क्षेत्रहरूमा प्रचलित कानून बमोजिम अनुमति लिएर मात्र साहसिक पर्यटन गतिविधिहरू सञ्चालन गर्न सकिनेछ ।

(९) आधारशिविर क्षेत्र वरपरको कमजोर पारिस्थितिकी प्रणालीलाई मध्यनजर गर्दै क्याम्प स्थापना गर्दा आवश्यक पर्ने ढुङ्गालगायतका अन्य स्थानीय सामग्रीहरू तोडमोड नगरी प्राकृतिक अवस्थामा नै प्रयोग गर्नु पर्नेछ ।

(१०) क्याम्प परिसरमा अति आवश्यक पर्ने बाहेक आधार शिविरमा लामो दूरीसम्म देखिने गरी चम्किलो र टाढाबाट नै झिलीमिली देखिने गरी बत्ती बाल्न पाइने छैन । आपत्कालीन अवस्थामा बाहेक रात्रीकालीन समयमा क्याम्प परिसरमा बत्तीहरू अनिवार्य रूपमा बन्द गर्नु पर्नेछ ।

## परिच्छेद ८

## ढुवानी तथा उद्धार कार्य सम्बन्धी व्यवस्था



^पहिलो संशोधनद्वारा थप गरिएको
*पहिलो संशोधनद्वारा संशोधन गरिएको

८. ढुवानी तथा उद्धार कार्यः

*(१) पर्वतारोहणसंग सम्बन्धित सामग्रीहरू स्याङबोचेसम्म हेलीकप्टर वा यातायातको अन्य साधनमार्फत ढुवानी गर्न सकिनेछ भने स्याङबोचेभन्दा माथि याक, जोप्के र स्थानीय कामदारमार्फत मात्र ढुवानी गर्नु पर्नेछ । विशेष कारणवश स्याङबोचे भन्दा माथि हेलिकप्टर वा यातायातका अन्य साधन मार्फत पर्वतारोहण सम्बन्धी सामाग्री ढुवानी गर्नु परेमा दफा ३ बमोजिमको समन्वय तथा अनुगमन समितिबाट अनुमति लिनु पर्नेछ ।

(२) पर्वतारोहणबाट स्थानीय समुदायको जीवनस्तर उकास्न अधिकतम सहयोग पुर्याउनको लागि स्थानीय स्तरमा उपलब्ध याक, जोप्के र स्थानीय कामदारहरूको उपलब्धतालाई मध्यनजर राखी आरोहण अभियान शुरू हुनुभन्दा अगाडि देखि नै प्राथमिकताको आधारमा आरोहण सामग्रीहरूको वर्गिकरण गरी चरणबद्ध रूपमा ढुवानी गर्ने व्यवस्था मिलाउनुका साथै याक, जोप्के र स्थानीय कामदारहरूले बोक्न मिल्ने गरी प्याकिङ गरेको हुनु पर्नेछ ।

(३) उद्धार प्रयोजनको लागि सगरमाथा आधार शिविरको उपयुक्त स्थानमा सामुहिक रूपमा प्रयोग हुने गरी तीनवटासम्म हेलिप्याडको व्यवस्था गर्न सकिनेछ ।

(४) उद्धार प्रयोजनबाहेक अन्य कार्यको लागि आधारशिविरभन्दा माथि हेलीकप्टर उडान र अवतरण गर्न पाइने छैन ।

## परिच्छेद ९
## विविध

९. विविध र अन्य:

(१) यस कार्यविधिमा लेखिएका बुँदाहरूको हकमा यसै कार्यविधि बमोजिम हुनेछ ।

(२) कुनैपनि व्यक्ति वा संस्थाले यस कार्यविधिमा उल्लेखित बुँदाहरू उलंघन गरेमा यस कार्यविधि र प्रचलित कानून बमोजिम कसूर गरेको मानिने छ त्यस्तो कसूर गर्ने व्यक्ति वा संस्थालाई प्रचलित कानून बमोजिम दण्ड, जरीवाना र सजाय गरिनेछ ।

(३) समितिले आफूलाई प्राप्त अधिकारहरुमध्ये केही वा सबै अधिकार समितिका कुनै सदस्य वा संस्थालाई प्रत्यायोजन गर्न सक्नेछ ।

(४) यस कार्यविधिमा गाउँपालिकाले आवश्यकतानुसार संशोधन गर्न सक्नेछ ।

(५) यस कार्यविधिमा उल्लेखित कुनैपनि बुँदा प्रचलित ऐन, कानूनसंग बाझिएमा बाझिएको हदसम्म स्वतः निष्क्रिय हुनेछ ।



^पहिलो संशोधनद्वारा थप गरिएको

*पहिलो संशोधनद्वारा संशोधन गरिएको